## प्राकृतिक व्यक्ति (Natural Person)

१. **प्राकृतिक व्यक्ति कसलाई भनिन्छ ?**

महिला, पुरुष वा अन्य लिंग भएको मानिस **(Human being)** र प्राकृतिक व्यक्तिको स्वामित्वमा रहेको एकलौटी फर्म समेतलाई प्राकृतिक व्यक्ति भनिन्छ ।

२. **सबै प्राकृतिक व्यक्तिले आयकरमा दर्ता गर्नुपर्दछ ?**

**निर्धारण योग्य आय आर्जन गर्न चाहने वा भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपर्ने प्राकृतिक व्यक्तिले स्थायी लेखा नम्बर (PAN) लिनु पर्दछ ।**

३. **प्राकृतिक व्यक्तिको करको दायित्व कति हुन्छ ?**

प्राकृतिक व्यक्तिको करको दायित्व कानुनमा तोके बमोजिम हुन्छ अर्थात् कर तिर्न अटेरी गरेमा निजको घरघराना, जायजेथा लिलाम विक्री गरेर पनि आयकर असुली गर्न सकिन्छ ।

४. **प्राकृतिक व्यक्तिले कंहा दर्ता गर्नुपर्दछ ?**

प्राकृतिक व्यक्तिले आफू बसोबास गरेको स्थल वा कारोवार गरेको स्थल (प्रोप्राइटरशीप फर्म भए सो फर्मको मुख्य ठेगाना रहेको स्थल) वा रोजगारी गरेको ठाउँसँग सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट स्थायी लेखा नम्बर ( **PAN)** लिनु पर्दछ ।

५. **प्राकृतिक व्यक्तिले दर्ता गर्दा के के कागजातहरु चाहिन्छ ?**

प्राकृतिक व्यक्तिले **PAN** लिंदा आफ्नो परिचय खुलाउने प्रमाणको प्रतिलिपि (जस्तै नागरिकता प्रमाणपत्र वा राहदानी), फोटो, पेशा व्यवसाय गरेको भए पेशागत प्रमाणपत्र वा फर्म दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि र आफ्नै घरमा कारोवार गर्ने भए सो को प्रमाण वा भाडामा भए घरबहाल सम्झौता पत्रको प्रतिलिपी पेश गर्नु पर्दछ ।

६. **प्राकृतिक व्यक्तिको कति आय भएमा कर लाग्छ ?**

आयकर ऐन, २०५८ र सम्बन्धित वर्षको आर्थिक ऐनले कर नलाग्ने छुट रकमको सिमा फरक फरक तोकेको हुन्छ । तर प्राकृतिक व्यक्तिको रोजगारी आय भएमा कर छुटको सिमा नभएकोले शुरुदेखि कै छुट सिमा सम्मको आयमा सामाजिक सुरक्षा कर लाग्दछ । आ.व २०७३/०७४ को लागि हेर्ने हो भने प्राकृतिक व्यक्तिको शुरु सिमा (**एकल व्यक्तिको लागि रु.३ लाख ५० हजार तथा दम्पत्तिका लागि रु.४ लाख**)मा आयकर लाग्दैन तर प्राकृतिक व्यक्तिको रोजगारीको आयको शुरु सल्याब अर्थात एकल व्यक्तिको हकमा रु.३ लाख ५० हजार तथा दम्पत्तिको हकमा रु.४ लाखसम्मको आयमा समेत १% ले कर लाग्दछ ।

७. **के प्राकृतिक व्यक्तिको सबै आयमा कर लाग्छ ?**

प्राकृतिक व्यक्तिको कृषि आय (कुनै फर्म, कम्पनी, साझेदारी तथा संगठित संस्थाको रुपमा दर्ता गरी कृषि व्यवसाय गरी प्राप्त गरेको आय र भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ को खण्ड (घ) र (ङ) मा उल्लेख भए बमोजिमको जग्गामा कृषि व्यवसायवाट

प्राप्त भएको आय बाहेक) मा कर लाग्दैन । यसरी कर नलाग्ने कृषि आय बाहेक प्राकृतिक व्यक्तिको अन्य सबै आयमा कर लाग्दछ । तर विशेष उद्योग संचालन गरी प्राप्त गरेको आयमा आयकर ऐनले विशेष छूटहरु प्रदान गरेको छ ।

**८. प्राकृतिक व्यक्तिलाई लाग्ने करको दर कति हो ?**

**क)** प्राकृतिक व्यक्तिलाई लाग्ने करको दर र छुटको सिमा आर्थिक वर्ष अनुसार फरक हुन सक्छ । प्राकृतिक व्यक्तिको रोजगारीको आयमात्र भएमा सो आयमा आ.व २०७३/०७४ मा लाग्ने करको दर निम्नानुसार छ ।

| विवरण | करयोग्य आय रू. | करको दर |
|---|---|---|
| एक्लो प्राकृतिक व्यक्तिको रूपमा छनौट गर्नेको हकमा | ३,५०,०००।०० सम्म | एक प्रतिशत कर लाग्ने ( सामाजिक सुरक्षा कर) |
| | ४,५०,०००।०० सम्म | रू.३,५०,०००।०० मा १ प्रतिशत र बांकी एक लाख रकममा १५ प्रतिशतले रू.१५,०००। कर लाग्ने । |
| | २५,००,०००।०० सम्म | रू.३,५०,०००।०० मा १ प्रतिशत, रू.१,००,०००।०० मा १५ प्रतिशतले र बांकी रकम रू.२०,५०,०००। सम्ममा २५ प्रतिशतले कर लाग्ने |
| | २५,००,०००।०० भन्दा बढी करयोग्य आय हुनेको हकमा | रू.३,५०,०००।०० मा १ प्रतिशत, रू.१,००,०००।०० मा १५ प्रतिशतले, रू.२०,५०,०००।०० मा २५ प्रतिशतले र रू.२५,००,०००।०० भन्दा बढी रकममा २५ प्रतिशतले हुने कर र सो करको दरमा थप ४० प्रतिशत अतिरिक्त अर्थात ३५ प्रतिशतले २५ लाख भन्दा बढिमा कर लाग्ने । |
| दम्पती प्राकृतिक व्यक्तिको रूपमा छनौट | ४,००,०००।०० सम्म | एक प्रतिशत कर लाग्ने । |
| | ५,००,०००।०० सम्म | रू.४,००,०००।०० मा १ प्रतिशत र बांकीमा १५ प्रतिशतले रू.१५,०००। आयकर लाग्ने । |

| | | |
|---|---|---|
| गर्नेको हकमा | २५,००,०००।०० सम्म | रू.४,००,०००।०० मा १ प्रतिशत, रू.१,००,०००।०० मा १५ प्रतिशतले र बांकी रू.२०,००,०००। रकममा २५ प्रतिशतले कर लाग्ने । |
| | २५,००,०००।०० भन्दा बढी करयोग्य आय हुनेको हकमा | रू.४,००,०००।०० मा १ प्रतिशत, रू.१,००,०००।०० मा १५ प्रतिशतले, रू.२०,००,०००।०० मा २५ प्रतिशतले, रू.२५,००,०००।०० भन्दा बढी रकममा २५ प्रतिशतले हुने कर र सो करको दरमा थप ४० प्रतिशत अतिरिक्त अर्थात २५ लाख भन्दा बढिमा ३५ प्रतिशत कर लाग्ने । |

**ख**) प्राकृतिक व्यक्तिको व्यवसायिक आय अर्थात एकलौटी (प्रोप्राईटरशीप) फर्मको व्यवसायिक आयमा आ.व २०७३/०७४ मा लाग्ने करको दर र कर निम्नानुसार छ।

| विवरण | करयोग्य आय रू. | करको दर र कर रकम |
|---|---|---|
| एक्लो प्राकृतिक व्यक्तिको रूपमा छनौट गर्नेको हकमा | ३,५०,०००।०० सम्म | कर नलाग्ने । |
| | ४,५०,०००।०० सम्म | रू.३,५०,०००।०० मा कर नलाग्ने, त्यस पछिको रू.४,५०,०००।०० सम्मको आयमा १५ प्रतिशतले रू.१५,०००। कर लाग्ने । |
| | २५,००,०००।०० सम्म | रू.३,५०,०००।०० मा कर नलाग्ने, त्यस पछिको रू.१,००,०००।०० मा १५ प्रतिशतले र बांकी रू.२०,५०,०००। रकममा २५ प्रतिशतले कर लाग्ने । |
| | २५,००,०००।०० भन्दा बढी करयोग्य आय हुनेको हकमा | रू.३,५०,०००।०० मा कर नलाग्ने, त्यस पछिको रू.१,००,०००।०० मा १५ प्रतिशतले र त्यसपछिको रू.२५,००,०००।०० सम्मको रकममा २५ प्रतिशतले कर लाग्ने । रू.२५,००,०००।०० भन्दा बढी रकममा २५ प्रतिशतले हुने कर र सो करको दरमा थप ४० प्रतिशत अतिरिक्त अर्थात रू.२५ लाख भन्दा बढीमा ३५ प्रतिशत कर लाग्ने । |
| दम्पती | ४,००,०००।०० सम्म | कर नलाग्ने । |

| | | |
|---|---|---|
| प्राकृतिक व्यक्तिको रूपमा छनौट गर्नेको हकमा | ५,००,०००।०० सम्म | रू.४,००,०००।०० मा कर नलाग्ने, त्यस पछिको रू.५,००,०००।०० सम्मको आयमा १५ प्रतिशतले कर लाग्ने । |
| | २५,००,०००।०० सम्म | रू.४,००,०००।०० मा कर नलाग्ने, त्यस पछिको रू.१,००,०००।०० मा १५ प्रतिशतले र बांकी रकममा २५ प्रतिशतले कर लाग्ने । |
| | २५,००,०००।०० भन्दा बढी करयोग्य आय हुनेको हकमा | रू.४,००,०००।०० मा कर नलाग्ने, त्यस पछिको रू.१,००,०००।०० मा १५ प्रतिशतले र त्यसपछिको रू.२५,००,०००।०० सम्मको रकममा २५ प्रतिशतले कर लाग्ने । रू.२५,००,०००।०० भन्दा बढी रकममा २५ प्रतिशतले हुने कर र सो करको दरमा थप ४० प्रतिशत अतिरिक्त अर्थात रू.२५ लाख भन्दा बढीमा ३५ प्रतिशत कर लाग्ने । |

**९. प्राकृतिक व्यक्तिलाई कर सम्वन्धी कुनै विशेष सहुलियतको व्यवस्था छ कि ?**

प्राकृतिक व्यक्तिले आयकर नियमावलीले तोके अनुसारको दरले दुर्गम क्षेत्रमा बसोबास गरी व्यवसाय वा रोजगारी गरेमा करयोग्य आयमा छुट पाउँछ । यस्तो छुट 'ङ' वर्गको भौगोलिक क्षेत्रमा १० हजार रुपैयाँदेखि 'क' वर्गको भौगोलिक क्षेत्रमा रु. ५० हजार रुपैयाँसम्म छ ।

त्यसैगरी बासिन्दा प्राकृतिक व्यक्तिले वार्षिक रु.७५०।- मा नबढ्ने गरी आफुले गरेको औषधि उपचार खर्चको १५ प्रतिशतमा नबढाई (सौन्दर्य सल्य चिकित्सामा भएको खर्च बाहेक) तिर्नुपर्ने करमा सोझै कर कट्टी मिलान दावी गर्न सक्दछन् । एक वर्षको दावी रु.७५०।- को सीमाले कर मिलान गर्न नभ्याए आगामी वर्षहरुमा सार्न समेत पाउँछ ।

**१०. प्राकृतिक व्यक्तिले दम्पतिको रुपमा आय विवरण पेश गर्न के आन्तरिक राजस्व विभागसँग स्वीकृति लिनु पर्दछ ? श्रीमान् श्रीमती दुवै जनाको आयश्रोत नभई एक जनाको मात्रै आय भए दम्पत्तिको सुविधा पाइन्छ कि पाइदैन ?**

प्राकृतिक व्यक्तिले दम्पत्तिको रुपमा आफैले छनौट गरी आय विवरण भर्न सक्दछन् । यस्तो छनौट अर्को वर्ष परिवर्तन पनि गर्न सक्दछ । यस्तो छनौट गर्न आ.रा.वि. लगायत कसैसंग स्वीकृति लिई रहनु पर्दैन । श्रीमान् वा श्रीमती दुबैजनाको आयश्रोत भए पनि/ नभएपनि यस्तो छनौट गर्न सक्दछन् र प्राकृतिक व्यक्तिले दम्पत्तिले पाउने सुविधा पाउन सक्दछ । आश्रितलाई भरणपोषण गर्नुपर्ने बासिन्दा विधवा वा विधुरलाई पनि दम्पत्ति सरह मानिन्छ ।

**११. श्रीमतिको रोजगारी पेशा छ तर श्रीमान् को कुनै आयश्रोत छैन भने औषधी उपचार खर्च वापत कर दावी गर्दा श्रीमान् विरामी हुदाको खर्च दावी गर्न पाइन्छ कि पाइदैन ?**

श्रीमान्को कुनै आयश्रोत नभए पनि (वा श्रीमतीको कुनै आयश्रोत नभए पनि) श्रीमतीको कर रकमबाट (वा श्रीमान्को कर रकमबाट) श्रीमान् बिरामी हुँदाको औषधि उपचार खर्च (वा श्रीमती बिरामी हुँदाको औषधी उपचार खर्च) वापत् कर मिलान गर्न दावी गर्न पाईन्छ। यस्तो कर मिलानको सुविधा दुबैजना दम्पत्ति विरामी हुँदा लागेको औषधि उपचार खर्च वापत पनि पाईन्छ। तर बार्षिक कर मिलान दावी रकम रु. ७५०।- भन्दा बढी हुन सक्दैन र कूल औषधि उपचार खर्चको १५ प्रतिशत भन्दा बढी पनि हुन सक्दैन। तर बढी खर्च वापतको दावी कर मिलान रकम आगामी वर्षहरुमा सार्न पाईन्छ। यसै गरी श्रीमानको बीमा गरेको रकम भएमा पनि २० हजार सम्मको सीमा अन्तर्गत रही खर्च कट्टी गर्न पाईन्छ।

**१२. रोजगारी मात्र आय हुनेले आय विवरण पेश गर्नु पर्छ वा पर्दैन ?**

कुनै आर्थिक बर्षमा एक पटकमा एउटा मात्र रोजगारदाताकोमा रोजगारी गरी सो रोजगारीको मात्र आय हुनेले आय विवरण पेश गर्नु पर्दैन। तर रु.४० लाख भन्दा बढी बार्षिक आय हुने प्राकृतिक व्यक्तिले अनिवार्य रुपमा आय विवरण पेश गर्नु पर्दछ।

**१४. निवृत्तिभरण आयमा १ प्रतिशत सामाजिक सुरक्षा कर लाग्छ लाग्दैन ?**

आर्थिक ऐन २०७२ अर्थात २०७२ श्रावण १ गते पछिको निवृत्तिभरण आयमा १ प्रतिशत सामाजिक सुरक्षा कर नलाग्ने व्यवस्था भएको छ।